धनगढीमाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा

प्रदेश नं २, नेपाल

## नदीजन्य पदार्थ निकाशी कर (वातावरण शुल्क) ठेक्का वन्दोवस्ती सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७६/०८/३०)

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ घ बमोजिम यस नगरपालिकाले आर्थिक बर्ष २०७६।७७ को बाँकी अवधिका लागि आफ्नो भौगोलिक क्षेत्र भित्रका बिभिन्न स्थानहरुबाट खनिज पदार्थ उत्खनन् गरि ढुवाी गर्ने हरेक सवारी साधन संग तोकिएको निकाशी पटके कर (वातावरण शुल्क) उठाउने प्रयोजनका लागि ठेक्का बन्दोबस्ती गर्नु पर्ने भएकोले ईच्छुक फर्म कम्पनीहरु बाट नियमानुसार शिलबन्दी बोलपत्र आह्वान गरिएकोछ ।

- वोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी कार्यालयबाट खरिद गर्न सकिनेछ र खरिद भएका वोलपत्रहरु १६ औं दिन दिनको १२:०० वजे सम्म कार्यालयमा दर्ता गर्न सक्नेछ । प्राप्त हुन आएको वोलपत्रहरु १६ औं दिन दिनको २:०० वजे यस कार्यालयमा प्रतिनिधिहरु र वोलपत्र दाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । वोलपत्र खोल्ने समयमा वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्ने काममा कुनै बाधा हुने छैन ।
- वोलपत्र फाराम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनमा क्रमश: अन्तिम दिन र सोही समयलाई मानिनेछ ।
- बोलपत्र दाताले दर्ता गर्दा आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लहानमा रहेको धरौटी खाता नं. ग २२६०३०३००७१०२ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ ।
- ठेक्का सम्झौता भई सकेपछि कुनै कारणवश निकाशी कर संकलन हुन नसकेमा नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।
- कबोल अंकको ५० प्रतिशत सम्झौता गर्दाका बखत र वाँकी रकमको वैंक ग्यारेन्टी वा धनजमानी राखी वैशाख १५ गते भित्र वाँकी सबै रकम बुझाउनु पर्ने छ । तर सम्झौताको समयमा ठेक्का अनुसारको सम्पुर्ण रकम एकमुष्ट वुझाएमा १० प्रतिशतसम्मको रकम छुट दिन सकिनेछ ।
- बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रपत्रिकामा सूचना प्रकाशन गरेको वा घरदैलोमा टाँस भएको मितिले ७ दिन भित्र सम्झौता गर्न नआएमा निजको धरौटी रकम जफत गरी नियमानुसार अन्य वोलपत्र स्वीकृती गर्ने वा पुन: बोलपत्र आह्वान गर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।
- ठेक्का स्वीकृत भए पश्चात कवोल रकमको नियमानुसार १३ प्रतिशत मू.अ.कर र नियमानुसार लाग्ने अन्य कर रकम ठेकेदारले आन्तरिक राजश्व कार्यालयमा दाखिला गनुपर्नेछ ।
- नेपाल सरकार, सम्मानित अदालत, जिल्ला अनुगमन समिति तथा नगरपालिकाले समय-समयमा दिएका नीति निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ ।
- ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।
- नगरपालिकालाई बक्यौता रकम बुझाउन बाँकी भएका व्यक्ति, फर्म वा कम्पनि र सो फर्म वा कम्पनिका ब्यक्ति वा प्रतिनिधिहरु संलग्न कुनै पनि फर्म वा कम्पनिलाई बक्यौता रकम नबुझाएसम्म वोलपत्र मूल्यांकनमा समावेश गरिनेछैन ।
- बोलपत्रदाताले खामको बाहिर आफूले लिन चाहेको ठेक्काको नाम, बोलपत्रदाताको नाम र ठेगाना स्पष्टसँग उल्लेख गर्नु पर्नेछ ।
- यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।
- ठेक्काका अन्य शर्तहरु यस कार्यालय मार्फत जानकारी हुने र वोलपत्र फाराम खरिद गर्दा उपलब्ध गराईने छ ।
- ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार धनगढीमाई नगरपालिकामा निहित रहने छ । यस सम्बन्धमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।
- यस विषयमा थप जानकारी आवश्यक परेमा यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

| ठेक्का नं | कामको विवरण | न्यूनतम रकम रु. | धरौटी रकम |
|---|---|---|---|
| आ.२०७६/०७७-०२ | निकाशी कर (वातावरण शुल्क) अशुल गर्ने | ४००००००।०० (चालिस लाख मात्र) | कबोल अंकको ५ प्रतिशत |

### निकाशी कर (वातावरण शुल्क) को दर रेट

| सवारी साधन | नदीजन्य पदार्थ | रकम रु (कर बाहेक) |
|---|---|---|
| टयाक्टर | क) माटो, भरौटे बालुवा | २५.०० |
| | ख) घर जोड्ने बालुवा | ५०.०० |
| | ग) ढुङगा, गिटी, ग्राभेल | ७५.०० |
| मिनि टिपर | क) माटो, भरौटे बालुवा | ५०.०० |
| | ख) घर जोड्ने बालुवा | ७५.०० |
| | ग) ढुङगा, गिटी, ग्राभेल | १५०.०० |
| ट्रक/हेभी टिपर | क) माटो, भरौटे बालुवा | ७५.०० |
| | ख) घर जोड्ने बालुवा | १५०.०० |
| | ग) ढुङगा, गिटी, ग्राभेल | २५०.०० |